# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२ ) काठमाडौं, कात्तिक १६ गते २०४६ साल ( अतिरिक्ताङ्क ३८ (ख)

## भाग ४

श्री ५ को सरकार

मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

वाणिज्य मन्त्रालयका सचिव श्री दुर्गाप्रकाश पाण्डे नयाँ दिल्लीमा हुने सार्कको कमिटी अन इकोनमिक कोपरेशनको बैठकमा भागलिन र भारत सरकारसंग वाणिज्य सम्बन्धी विषयमा छलफल गर्न त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्रीमती उर्मिला श्रेष्ठलाई मिति २०४६।७।१६ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

जलस्रोत मन्त्रालयका सचिव श्री गौरीनाथ रिमाल थाइल्याण्ड र लाओसमा अवस्थित मेकाङ बेसिनको स्थलगत अध्ययनको लागि त्यसतर्फ प्रस्थान गर्नु भएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री ईश्वरीप्रसाद राजभण्डारीलाई मिति २०४६।७।१६ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
मधुसूदनप्रसाद गोर्खाली
श्री ५ को सरकारको निमित्त मुख्य सचिव

423

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

228

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।